**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र


| खण्डः ५ | संख्याः ०२ | मितिः २०७८/०३/०५ |
|---|---|---|


## भाग-२

**धनगढी उप महानगरपालिका**

## दलित हक तथा अधिकार सम्बन्धी कार्यबिधि २०७८


**कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।०३।०५**

**राजपत्रमा प्रकाशन मितिः २०७८।०३।०५**


**प्रस्तावना:** धनगढी उप-महानगरपालिका भित्र जातिय समानता र समृद्धिका लागि निश्चित मापदण्ड तथा कार्यविधि वाञ्छनिय भएकोले,

नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी धनगढी उप-महानगरपालिकाको ६३ औ नगरकार्यपालिकाको बैठकबाट **"दलित हक तथा अधिकार सम्बन्धि कार्यबिधि २०७८"** स्वीकृत गरी लागू गरिएको छ।


धनगढी उप-महानगरपालिका राजपत्र

**१. संक्षिप्त नाम र प्रारम्भ :**
(१) नाम : यस कार्यविधीको नाम **"दलित हक तथा अधिकार सम्बन्धि कार्यबिधी २०७८"** रहने छ ।
(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।
**२. परीभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,यस कार्यविधिमा,
**(क) "कार्यबिधि"** भन्नाले धनगढी उप-महानगरपालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार तयार गरेको दलित हक तथा अधिकार सम्बन्धि कार्यबिधि २०७८ सम्झनुपर्छ ।
**(ख) "दलित"** भन्नाले राष्ट्रिय दलित आयोगले सूचिकृत गरेका जातजाती र सुचिकृत बाहेकका हकमा सम्वन्धित स्थानिय निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित जनजातीलाई सम्झनुपर्छ ।
**(ग) "सास्कृतिक पहिचान"** भन्नाले दलित समुदायको पेशा तथा सीप, कला र क्षमताको पहिचानलाई सम्झनुपर्छ ।
**(घ) "समिति"** भन्नाले दलित हक तथा अधिकार सम्बन्धि कार्य गर्न स्थानिय सरकारले निर्माण गर्ने समीति लाई सम्झनुपर्छ ।
**(ङ) "सरोकारवाला"** भन्नाले दलित हक तथा अधिकार सम्बन्धि कार्यमा भुमीका देखिने सरकारी कार्यलय, नागरिक समाज सम्झनुपर्छ ।
**(च) "सहयोगी संस्था"** भन्नाले साझेदार भन्नाले दलित हक तथा अधिकार सम्बन्धि कार्यबिधि अनुरुप प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउने ब्यक्ति, संस्था संगठनलाई सम्झनुपर्छ ।
(छ) **"नगरपालिका"** भन्नाले धनगढी उप-महानगरपालिकालाई सम्झनुपर्छ ।
(ज) **"जातिय भेदभाव तथा छुवाछुत"** भन्नाले जातिय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन,२०६८ को दफा ४ बमोजिमको कार्य सम्झनुपर्छ ।
**३. उद्देश्य :**
१) दलित समुदायको पहिचान, उत्थान र अधिकारका सवालमा धनगढी उप महानगरपालिकाको दृष्टिकोण र योजना निर्दिष्ट गर्ने ।
२) नगर कार्यपालिकाको दृष्टिकोण र योजनामा सरोकारवाला निकाय तथा दलित समुदाय स्वयंको भुमीका किटान गरी अभ्यासमा ल्याउने ।
३) दलित समुदायको उत्थान र अधिकारकालागि सम्भाबित गतिबिधी र योजना बनाई सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्ने ।

**४.दलित समुदायको उत्थान तथा अधिकारको योजना** : धनगढी उप महानगरपालिकाले दलित समुदायको उत्थान तथा अधिकारका लागि समयसापेक्ष योजना निर्माण गरी स्थानिय सरकार, सरोकारवाला र अधिकार ग्राहि समुदायको संलग्नतामा कार्यान्वयन गर्नेछ ।

**४.१ जातीय भेदभाबको अन्त्य :** धनगढी उप महानगरपालिकाले जातीय बिभेद तथा छुवाछूत अन्त्यकालागि स्थानिय योजना बनाई कार्यन्वयनमा ल्याउने छ । यस अभियानलाई सरकार, समुदाय र सरोकारवालाको साझा योजना बनाई चरणबद्ध रुपमा संचालन गरिने छ । जस अन्तर्गत निम्न कार्यहरु गरीनेछ ।

**क जातीय बिभेद बिरुद्ध सचेतीकरण :**

१) जातीय भेदभाब तथा कसुर र सजाए ऐन २०६८ मा ब्यबस्था र साबधानीका बिषयमा संचार माध्यम बाट सुचना प्रकाशन प्रसारण गर्ने ।

२) धनगढी उप महानगरपालिका र मातहतका कार्यालय बाट हुने कार्यक्रम बाट हुने कार्यक्रममा जातीय भेदभाब तथा कसुर र सजाय सम्बन्धि बिषय समाबेश गर्ने

३) बिद्यालय, सार्बजनिक स्थान, सरकारी र नागरीक संघ संगठन, सस्था, औधोगीक कम्पनीका कार्यालयमा जातीय बिभेदको ब्यबहारलाई निरुत्साहित गर्ने खालका सन्देशलेखी सबैले देख्ने ठाँउमा राख्ने ।

४) स्थानीय जनप्रतिनीधी, दलित समुदायको पक्षमा क्रियाशिल सामाजिक अभियानताहरुले आफु सहभागी भएको सार्बजनिक कार्यक्रममा जातीय बिभेदको बिषयमा धनगढी उप महानगरपालिकाले लिएको धारणा राख्ने ।

५)जातिय बिभेद बारे सन्देश दिने गरी प्रतिस्प्रधात्मक कार्यक्रम आयोजना गर्ने ।

**ख. सामाजिक ब्यवहार सुधार अभियानः**

१) जातीय बिभेदलाई प्रेत्साहन दिने खालका गतिबिधी अन्त्य, दलित समुदाय भित्रै सुधार मुलक कार्य गर्ने ।

२) दलित समुदायका पेशा, सास्कृतिक मान्यताहरु सबैका लागि स्विकार्य हुने गरी सुधार गर्ने ।

३) दलित समुदायमा स्वास्थ्य तथा सरसफाई अभियान सञ्चालन गरी बिद्यमान अबस्था ब्यबहारमा सुधार गर्ने ।

४) दलित बस्तिहरुमा जुवा, तास, मदिरा सेबन जस्ता झै झगडा, महिला माथी कुटपीट, बालश्रम बाल हिंसा कम गर्न समुदाय तहको सुधार योजना बनाई कार्यान्वयन गर्ने ।

५) दलित बस्तिहरुलाई हिंसा रहित मानब अधिकार मैत्रि टोल घोषणाका लागि मापदण्ड बनाउने ।

**ग. जातीय भेदभाब तथा छुवाछूत रहित स्थान घोषणा :**

१) सरकारी तथा गैर सरकारी कार्यालय तथा सार्बजनिक स्थानहरुलाई जातीय भेदभाब रहित स्थल घोषणा गर्ने ।

२) यसरी घोषणा हुने टोलमा स्थानिय सरकारले प्रोत्साहन स्वरुप योजनाहरु बिशेष प्राथमिकतामा राख्ने र सरकारी सेवा सुबिधामा सहुलियत दिने ।

**४.२ आयमुलक काम तथा जिबीकोर्पाजनमा सुधार** :धनगढी उप महानगरपालिकाले दलित समुदायको उत्थान र अधिकारका सवालमा सहयोगी हुने गरी आयमुलक काम तथा जिबीको सुधारका योजना बनाई कार्यान्वयन गर्ने छ । जस अनतर्रगत निम्न कार्यहरु गरीनेछन् ।

**क. परम्परागत सीप परीक्षण योग्यता निर्धाण :** दलित समुदायका ब्यक्तिहरुमा पुख्यौली रुपमै प्राबिधीक क्षमता भएको तर त्यसको परीक्षण र प्रमाण पत्र नहुदा उनीहरुको पेशा र जिबीका जोखीममा पर्ने खतरा भएकाले सिटिईभिटी वा साना तथा घरेलु उद्योग कार्यालयको सहकार्यमा दलित समुदायका परम्परागत सीप

( घर बनाउने, काठको सामाग्री बनाउने, कृषि औजार बनाउने, छालाका सामाग्री बनाउने, गरगहना बनाउने, वाजा बजाउने, कपडा बनाउने सिउने) कामको परीक्षण गराई प्रमाण पत्र उपलब्ध गराउने ।

**ख. सीपको आधुनिकीकरण :** अधिकाशं दलित परीवारमा परम्परागत सीप नै जिबीकोपार्जनको आधार भएको र त्यसलाई आधुनिक रुपमा बिकास गरी थप उत्पादनसिल वा मुल्यवान बनाउनु आबश्यक भएकाले सम्भाबित उद्यम र रोजगारीका अबसर बिचार गरी प्राथमिकता क्रममा सीप बिकास तालिम सञ्चालन स्तर उन्नतिको लागि पुंजी र बजारमा सहंज पहुँच बढाउन सहयोग गर्ने।

**ग. उर्जा र प्रबिधीमा सहयोग :** कृषि र भौतिक निर्माणसंग सम्बन्धित सीपको् माग बढ्दो क्रममा रहेको र बिद्यमान सीप तथा शैलिबाट अबको माग पुरा गर्न, पेशा ब्यबसाय गर्न र पेशावाला ब्यक्तिको जिबीको धान्न कठीन हुदै गएकाले पेशालाई आधुनिक प्रबिधि बनाउन आधुनिक मेसीन खरीद, बिधुत, उर्जा जाडान, उद्यम स्थल निर्माण जस्ता कार्यमा सहयोग पुऱ्याउने ।

**घ. उद्यमका लागी सहजिकरण** : दलित समुदायमा भएका सीप र कलालाई बैधानिक प्रकृया मार्फत ब्यबस्थापन गर्न उनीहरुलाई परम्परागत सीप र कलामा आधारित उद्यम (कृषि औजार निर्माण उद्योग, सिलाई उद्योग, काष्ठ उद्योग, भवन निर्माण फर्म, सास्कृतिक समुह) दर्ता र सोको ब्यबसायीककरणमा सहयोग गर्ने छ ।

१) माथी उल्लेखीत सहुलियतकालागी उप महानगरपालिकाले सीप सिक्न, उद्यम सञ्चालन गर्न र प्राबिधीक सहयोग  उपलब्ध गराउनका लागि सुचना प्रकाशित गरी निबेदन आह्वान गर्नेछ ।

२) प्राप्त निबेदनको आधारमा उपयुक्त ब्यक्ति वा समुह छनोट गरी उद्यम योजनाको आधारमा सहयोगको सीमा निर्धारण गर्नेछ ।

३) तालीम, उर्जा, र प्रबिधी सहयोग तथा उद्यम दर्ताको लागि धनगढी उप महानगरपालिकाले छुट्टाछुट्टै फाराम उपलब्ध गराउने छ ।

४) निबेदन छनोटका लागि धनगढी उप महानगरपालिकाले सम्बन्धित बिषयका अनुभबी ब्यक्तिहरुको सहभागितामा छनोट समिती निर्माण गर्नेछ ।

**४.३ समतामुलक नीति अबलम्बन :** धनगढी उप महानगरपालिकाले दलितहरुको सामाजिक, आर्थीक अबस्थामा सुधार ल्याउन  समतामा आधारीत योजना संचालन गर्नेछ । जसकालागि निम्न प्रकृया अबलम्बन गरीने छ ।

**क. निर्णायक तहमा अर्थपुर्ण सहभागिता :**धनगढी उप महानगरपालिका अर्न्तगत हुने बिकास वा सेवा संग सम्बन्धित समिति, उप समितिहरुमा दलितको अर्थपुर्ण प्रतिनिधित्व गराईने छ । दलित अधिकारका सवालमा बन्ने समिति, उपसमिति वा समुहमा दलितहरुको नेतृत्व रहने छ ।

**ख. अवसरमा प्राथमिकता** : धनगढी उप महानगरपालिका अर्न्तगत हुने आयमुलक काम, स्वरोजगारमुलक काम वा रोजगारीका अबसरमा दलित समुदायका ब्यक्तिहरुलाई प्राथमिकता दिईने छ ।

**ग. सहुलियतपुर्ण मापदण्ड निर्माण :** आय मुलक स्वरोजगारमुलक योजना वा रोजगारीका लागि ब्यक्ति छनोट प्रकृयामा दलित समुदायका लागि २५ प्रतिशत सहभागितापुर्ण मापदण्ड अपनाईने छ ।

**४.४ आवास र उत्पादनका स्रोतमा पहुचँ :** धनगढी उप महानगरपालिकाले सबै नागरिकहरुको सुरक्षित आवास र जिबीकोपार्जनको बिषयलाई आधारभुत अधिकारको रुपमा लिई ब्यवस्थापन गर्ने छ । दलितहरुको अबस्था झनै दयनिय भएकोले यसलाई निम्न प्रकृया अबलम्बन गरी प्राथमिकताका साथ कार्यान्वयन गर्नेछ।

**क. भूपरिबेश अध्ययन :** धनगढी उप महानगरपालिकाले आफ्नो क्षेत्र भित्र परिबेश अध्ययन गरी आवास बिहिन र जोखिमपुर्ण आवासमा रहेका परिवारको आवासका लागि उपयुक्त हुने जग्गा र कृषियोग्य जग्गा पहिचान गर्नेछ ।

**४.५ शिक्षामा प्रोत्साहन :** तुलनात्म रुपमा शिक्षामा कम पहुचँ भएको दलित समुदायका लागि शिक्षा र आर्जन प्रतिस्पर्धाका अबसर सृजना गर्नेछ । यसका लागि निम्न प्रकृया अबलम्बन गर्नेछ ।

१) दलित बिद्यार्थीहरुलाई उच्च शिक्षा तह सम्म निशुल्क शिक्षा प्रदान ।

२) उत्कृष्ट तथा न्युन आर्थिक अबस्था भएका बिद्यार्थीहरुलाई उच्च शिक्षाका लागि पुर्ण छात्रबृति ।

३) दलित बिद्यार्थीहरुलाई प्राबिधीक शिक्षामा पुर्ण छात्रबृति ।

४) सामुदायिक साक्षरता अभियान सञ्चालन गरी प्रौढहरुलाई साक्षर बनाउने ।

५) सामुदायक बिद्यालयमा अनिबार्य रुपमा दलित शिक्षकको ब्यबस्था गर्ने ।

यस कार्यलाई ब्यबस्थित र नतिजामुलक बनाउन तथा छात्रबृतिका लागि बिद्यार्थी छनोट गर्न धनगढी उप महानगरपालिकाले निम्न मापदण्ड अपनाउने छ ।

१) बिद्यार्थी र अभिभाबकको अबस्था बुझ्न भर्ना अभियानमा जनप्रतिनिधीहरु परिचालन तथा अनुगमन ।

२) सामुदायक बिद्यालयमा १० देखी १५ प्रतिशत छात्रबृति उपलब्ध गर्ने ।

३) आबधीक रुपमा बिद्यालयबाट उत्कृष्ट बिद्यार्थीहरुको शैक्षिक प्रगति र अनुशाशनको अनुगमन ।

४) परीक्षामा बिद्यार्थीले ल्याउने अंक र बिद्यालयको बिद्यार्थी मुल्याङ्नको दस्ताबेजिकरण ।

५) बिद्यालयमा हुने जातिय बिभेदलाई शुन्य सहनशिलता अपनाउने ।

**५. कार्यबिधि कार्यन्वयनका लागि समिति गठन :** धनगढी उप महानगरपालिकाले यस कार्यबिधि कार्यन्वयनका लागि कार्यन्वयन समिति गठन गर्नेछ ।

**५.१ कार्यबिधी कार्यान्वयन समिति गठन प्रकृया :** यस कार्यबिधि कार्यान्वयनकालागि एक कार्यान्वयन समिति गठन हुनेछ । जसमा देहाय बमोजिमका पदाधीकारी रहनेछन् ।

| | |
|---|---|
| क. नगर सभा वा कार्यपालिकाले निर्णय गरेको कार्यपालिका सदस्य | अध्यक्ष |
| ख. दलित अधिकारको क्षेत्रमा क्रियाशिल ब्यक्ति मध्येबाट २ महिला १ पुरुष | सदस्य |
| ग. धनगढी उप महानगरपालिकाको सामाजिक क्षेत्र हेर्ने अधिकृत | सदस्य |
| घ. प्रत्येक वार्डबाट प्रतिनिधी हुने गरी १/१ जना (५०प्रतिसत महिला) | सदस्य |
| ङ कार्यपालिकाले तोकीएको कर्मचारी | सदस्य सचिब |

धनगढी उप-महानगरपालिका राजपत्र

**५.४ कार्यान्वयन समीतिको काम, कर्तब्य र अधिकार** : दलित समुदायको उत्थान तथा अधिकार सम्बन्धी कार्यबिधी कार्यान्वयन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

१) यस कार्यबिधी अनुसारका योजना र बजेट निर्माण गरि कार्यान्वयन गर्ने ।

२) कार्यबिधी कार्यान्वयनका लागि आबश्यक मापदण्ड तयार गरि स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने ।

३) समितिले नीति, निर्देशन अनुसार योजना बनाई कार्यान्वयन गर्ने ।

४) दलित समुदायको उत्थान तथा अधिकारको योजना बनाई सहयोग जुटाउने ।

५) यस कार्यबिधी अनुसार भए गरेका कामको आबधीक प्रतिबेदन बनाई निर्देसन समितिमा पेश गर्ने ।

६) स्थानिय संघ संस्था, सहयोगी ब्यक्ति संग सहकार्य बढाई अभियानलाई प्रभाबकारी बनाउने ।

७) नगर अन्तर्गतका सरकारी निकायको योजना तथा बजेट समाबेशि र समानुपातिक बनाउन सहजिकरण गर्ने ।

**<u>८.वाधा अड्काउ फुकाउने अधिकार :</u>** (१) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधा अड्काउ फुकाउन कार्यपालिकाले गर्न सक्नेछ ।

**<u>९. बचाउ तथा खारेजीः</u>**

(१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) यो कार्यविधि प्रचलित कानूनसंग बाझिएमा, बाझिएको हदसम्म लागु हुने छैन् ।

**<u>आज्ञाले,</u>**

..........................

**हरि बहादुर चन्द**

**प्रमुख प्रशासकिय अधिकृत**

**धनगढी उप महानगरपालीका**

धनगढी उप-महानगरपालिका राजपत्र